Vangmaya
Vol. 22, No. 1: 11-22, July-August 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85311
Orcid: https://orcid.org/0009-0004-1292-1234

# *पहेँलो गुलाफ* कथामा समाख्यान

**डा. गोविन्दप्रसाद लुइटेल***

## लेखसार

*प्रस्तुत अध्ययनमा 'पहेँलो गुलाफ' कथामा केन्द्रित भई समाख्यान सिद्धान्तका आधारमा उक्त कथाको समाख्यानको निरूपण गरिएको छ। समाख्यान समाख्यानात्मक संरचनाको सिद्धान्त हो। समाख्यान अध्ययनमा समाख्यानको संरचनात्मक घटकको अन्तःसम्बन्धको खोजी गरिन्छ। यस लेखमा समाख्यानको यही सैद्धान्तिक मान्यताका आधारमा 'पहेँलो गुलाफ' कथामा पाइने वाच्यत्व, सङ्केन्द्रण एवम् कथनीयताको विश्लेषण गरिएको छ। यसका लागि प्राथमिक सामग्री छनोट गर्दा सोद्देश्य नमुना पद्धतिको प्रयोग गरिएको छ। साहित्यिक पाठ विश्लेषणमा आधारित भई शब्द र वाक्यको विश्लेषण गरी अर्थ निर्धारण गरिएकाले सामग्री विश्लेषणमा गुणात्मक अध्ययन पद्धतिको अवलम्बन गरिएको छ भने सैद्धान्तिक ढाँचामा समाख्यानको सैद्धान्तिक स्वरूपको उपयोग गरिएको छ। विश्लेषणको ढाँचाअन्तर्गत समाख्यानसँग सम्बद्ध अवधारणा र त्यसका सूचकको निर्माण गरी त्यसकै आधारमा सामग्री विश्लेषण गरिएको छ। यस लेखमा समाख्यानको अध्ययन गर्दा वाच्यत्वअन्तर्गत समाख्याता र समाख्याताको स्वर, सङ्केन्द्रणअन्तर्गत सङ्केन्द्रक तथा सङ्केन्द्रित विषय तथा कथनीयताअन्तर्गत कथनीय तत्त्व र कथनीय गुणको मूल्याङ्कन गरी तिनको अन्तःसम्बन्धबाट निर्मित समाख्यान संरचना र कला पक्षको पनि निरूपण गरिएको छ। अध्ययनबाट यस कथामा समाख्याताको विश्वसनीयता, स्वरको उच्चता एवम् दृष्टिविन्दुको तीक्ष्णतासँगै कथनीयता तथा सम्प्रेषणीयताको गुण उल्लेख्य रूपमा पाइने हुनाले समाख्यान संरचना सघन हुन पुगेको छ भन्ने प्राप्तिलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ।*

**शब्दकुञ्जी** : कथनीयता, दृष्टिविन्दु, वाच्यत्व, सङ्केन्द्रण, समाख्याता।

## विषयपरिचय

'पहेँलो गुलाफ' प्रेमा शाह (२००२-२०७४) द्वारा रचित कथा हो। प्रेमा शाह प्रयोगवादी कथाकारका रूपमा परिचित स्रष्टा हुन्। उनका कथाको संरचना र रूपविन्यास दुवैमा प्रयोगशीलता एवम् नवीनता पाइन्छ। नेपाली कथाका क्षेत्रमा २०१८ सालमा 'प्रतिक्रिया' नामक कथा प्रकाशन गरेर प्रवेश गरेकी शाहका *पहेँलो गुलाफ* (२०२३) र *विषयान्तर* (२०२८) गरी दुईवटा कथासङ्ग्रहहरू प्रकाशित छन्। उनी मूलतः नारीसंवेदनाका सापेक्षतामा यौन तथा यौनेतर जीवनको विसङ्गत एवम् विकृत पक्षको गहनतम चित्रण गर्ने प्रयोगवादी मनोविश्लेषणात्मक कथाकार हुन्। परम्परामुक्त मौलिक नवीन शैलीका कथाहरू लेख्नु उनको मुख्य विशेषता हो। यस क्रममा उनका कथामा कथानकहीन कथानकको पनि प्रयोग गरिएको पाइन्छ। उनको प्रस्तुत कथा नारीसंवेदनाका केन्द्रीयतामा यौनजीवनको विसङ्गतपक्षको चित्रण गरेर लेखिएको प्रयोगवादी कथा हो। डायरी शैलीमा रचित यस कथामा कथानकहीन कथानक पाइन्छ। यस सन्दर्भमा प्रस्तुत

* डा. लुइटेल त्रिचन्द्र बहुमुखी क्याम्पसमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।

कथामा केकस्तो समाख्यान पाइन्छ र कथाको संरचना निर्माण एवम् सौन्दर्यको उपस्थापन के कसरी गरिएको छ भन्ने कुराको अध्ययन गरी निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ ।

समाख्यानका कोणबाट 'पहेँलो गुलाफ' कथाको अध्ययन हालसम्म सामान्य रूपमा मात्र हुन सकेको कुरा पूर्वाध्ययनको समीक्षाबाट स्पष्ट भएको छ । समाख्याता तथा सङ्केन्द्रित विषयका बारेमा प्रसङ्गवश सामान्य अध्ययन हुनुबाहेक समाख्यानशास्त्रीय दृष्टिले यस कथाको अध्ययन हुन सकेको छैन । यसबाट प्रस्तुत कथाको समाख्यान अध्ययनको औचित्य पुष्टि भएको छ भने अध्ययनको रिक्तता पनि प्रस्ट भएको छ । कथ्य वा लेख्य सामग्रीको आख्यानात्मक संरचना समाख्यान हो । यसमा एक वा एकभन्दा बढी समाख्याताद्वारा एक वा एकभन्दा बढी वास्तविक वा काल्पनिक घटनालाई श्रोता वा पाठकसमक्ष सम्प्रेषण गरिएको हुन्छ । समाख्यानका विशिष्ट अभिलक्षण एकअर्कासँग अन्तःसम्बद्ध हुन्छन् र ती आख्यानात्मक संरचनामा बारम्बार दोहोरिइरहन्छन् । समाख्यानशास्त्रले तिनै साझा अभिलक्षणको खोजी गर्छ । समाख्यानमा समाख्याताबाट आख्यायित घटना, घटनाक्रम वा कथानक र पात्रको अनुक्रमबाट आख्यानात्मक संरचना निर्माण भएको हुन्छ र समाख्यान अध्ययनमा यही आख्यानात्मक संरचना अर्थात् संरचनात्मक घटकको अन्तःसम्बन्धको खोजी गरिन्छ ।

'पहेँलो गुलाफ' कथामा केन्द्रित भएर समाख्यानको सामान्य अध्ययन भए पनि गहन अध्ययन हुन नसकेको सन्दर्भबाट प्रस्तुत अध्ययनको शोधरिक्तता प्रस्ट भएको छ । प्रस्तुत कथाको समाख्यानको गहन अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा यस रिक्ततालाई पूरा गर्न उक्त कथाको समाख्यान विश्लेषण गरी निष्कर्षमा पुग्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । यस अध्ययनले कथाविश्लेषणको नवीन आधार दिने र कथासम्बन्धी नयाँ तथ्य सार्वजनिक गर्ने हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण पनि रहेको छ । अतः 'पहेँलो गुलाफ' कथामा के कस्तो समाख्यानको प्रयोग कसरी गरिएको छ भन्ने सामान्यीकृत मूल समस्यामा केन्द्रित भई प्रस्तुत लेखलाई व्यवस्थित गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन साहित्यिक पाठविश्लेषण विधिमा आधारित भई गुणात्मक पद्धतिबाट गरिएको अध्ययन हो । यसमा सोद्देश्य नमुना छनोट पद्धतिको अवलम्बन गरी पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीको विश्लेषण र अर्थापन कार्य सम्पन्न गरिएको छ । यसमा 'पहेँलो गुलाफ' कथालाई प्राथमिक सामग्री र उक्त कथासँग सम्बद्ध अन्य अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ भने सामग्री विश्लेषणका निम्ति समाख्यानको सैद्धान्तिक स्वरूपलाई आधार बनाइएको छ । विश्लेषणको अवधारणात्मक ढाँचाअन्तर्गत यसमा समाख्यानअन्तर्गत समाख्यानशास्त्रीहरूका मान्यताको उपयोग गरी 'पहेँलो गुलाफ' कथाका समाख्याता, समाख्याताको स्वर, सङ्केन्द्रक, सङ्केन्द्रित विषय, कथनात्मकता एवम् कथनीय गुणको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा मूलतः वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

जुनसुकै विधाका माध्यमबाट प्रस्तुत हुने अन्तर्कथायुक्त रचना समाख्यान हो । समाख्यान आख्यानात्मक संरचनाको सिद्धान्त हो । समाख्यानमा घटना सम्प्रेषित हुन्छ । यसमा सम्प्रेषणकर्ताका रूपमा समाख्याता रहेका हुन्छन् भने ग्रहणकर्ताका रूपमा श्रोता वा पाठक रहेका हुन्छन् । समाख्याताबाट सम्प्रेषित घटना र पात्रको अन्योन्यक्रियाबाट आख्यानात्मक संरचना निर्माण भएको हुन्छ र समाख्यानमा यही आख्यानात्मक संरचनाका घटकको अन्तःसम्बन्धको

विश्लेषण गरिन्छ । कथाका सन्दर्भमा कथाभित्र भनिएको कुरा वा आख्यानात्मक संरचना नै समाख्यान हो । कथा कसले र कसरी भनेको छ तथा समाख्याताको स्वर वा वाच्यत्व केकस्तो छ भन्ने कुरा समाख्यानमा महत्त्वपूर्ण हुन्छ । यहाँ समाख्यानअन्तर्गत पर्ने समाख्यानात्मक वाच्यत्व, सङ्केन्द्रण, कथनीयताको अध्ययन बेग्लाबेग्लै शीर्षकमा गरिएको छ ।

## समाख्यानात्मक वाच्यत्व

समाख्याताका माध्यमबाट नै श्रोता वा पाठकसँग समाख्यानात्मक विचार, भाव वा कथ्य विषयको सञ्चार सम्पर्क स्थापित हुने हुँदा आख्यानात्मक सङ्कथनको समाख्याता नै वाच्यत्व हो (जेन, सन् १९८०, पृ. १६१)। समाख्यानात्मक सङ्कथनमा समाख्याताले नै श्रोतासँग सञ्चार सम्पर्क स्थापित गर्छ । उसले नै प्रदर्शन वा वर्णनको प्रबन्ध गर्छ । के भन्ने, कसरी भन्ने, के कुरामा जोड दिने, के कुरा छोड्ने, कुन दृष्टिविन्दुबाट कथा प्रस्तुत गर्ने जस्ता कुराको निर्धारण समाख्याताले नै गर्छ। समाख्यानात्मक वाच्यत्व यिनै प्रश्नहरूसँग जोडिएको हुन्छ। अझ आवश्यक भएमा समाख्याताले कथनीयताको प्रतिरक्षा गर्दै पाठको उद्देश्य वा सन्देशप्रति टिप्पणी पनि गर्छ (वान, एन सन् २०१७, पृ. ३.१.१) । कथा प्रस्तुतिमा समाख्याताको भूमिका सर्वोपरि हुन्छ । उसको उपस्थिति कथाभित्र वा बाहिर कहाँ छ भन्ने कुराले कथाको समग्र संरचना एवम् सौन्दर्यमा पनि फरक पार्छ। आख्यानात्मकताका सन्दर्भमा वाच्यत्वको प्रसङ्ग पाठमा प्रस्तुत पात्रको कथ्य (भोकल) गुण र गति (टोनल) गुणसँग जोडिएको हुन्छ (लन्सेन, सन् १९८१, पृ. ७५) । यसबाट वाच्यत्वको प्रश्न खास गरी समाख्याताको कथात्मक स्थान, स्वर र कथाप्रस्तुतिको प्रभावकारितासँग जोडिएको हुन्छ भन्ने कुरा प्रस्ट हुन्छ।

## समाख्यानात्मक सङ्केन्द्रण

सङ्केन्द्रणले समाख्यानात्मक सूचनालाई कसको दृष्टिकोणबाट प्रस्तुत गरिएको छ भन्ने कुरालाई बुझाउँछ। फ्रेन्च समाख्यानशास्त्री जेरार्ड जेनेले सङ्केन्द्रणलाई क्रियाव्यापारलाई नियाल्ने विभिन्न दृष्टिविन्दुका रूपमा हेरेको पाइन्छ (जेने, सन् १९८०, पृ. १६१)। सङ्केन्द्रणसँग घटना कसको दृष्टिविन्दुबाट प्रस्तुत छ भन्ने कुरा जोडिएको हुन्छ। मिकी बलले हेराइ अर्थात् दृष्टिकोण र वस्तु अर्थात् दृष्टिगोचरको सम्बन्धका रूपमा सङ्केन्द्रणलाई हेर्न सकिन्छ (बल, सन् १९८३, पृ. २४४)। समाख्यानमा घटना कसका माध्यमबाट र कसरी अभिमुख भएको छ भन्ने कुरा हेराइसँग सम्बन्धित हुन्छ भने वस्तुको निर्धारण के अभिमुखीकरण भएको छ भन्ने कुरासँग सम्बन्धित हुन्छ । समाख्यानमा घटना अभिमुखीकरण गर्ने व्यक्ति विषय वा कर्ता हुन्छ भने विषयका माध्यमबाट अभिमुखीकरण हुने कुरा वस्तु हुन्छ (रिम्मोन–किनन, सन् १९८०, पृ. ७६) । यसमा विषय र वस्तुलाई क्रमशः सङ्केन्द्रक र सङ्केन्द्रितका रूपमा बुझ्न सकिन्छ । रिम्मोन किननको सङ्केन्द्रणसम्बन्धी दृष्टिकोणअन्तर्गत मनोविज्ञान, संज्ञान, संवेग र विचारधारा सबै समेटिएका छन् । सङ्केन्द्रणका अन्तर्दृष्टिमूलक पक्ष, मनोवैज्ञानिक पक्ष र वैचारिक पक्ष गरी तीनवटा आयाम छन् (रिम्मोन–किनन, सन् १९८३, पृ. ७७)। यी तीन आयामबाट समाख्यानात्मक सङ्केन्द्रण र सङ्केन्द्रित पक्ष पहिचान गर्न सकिन्छ भन्ने किननको धारणा रहेको छ। अन्तर्दृष्टिमूलक पक्षमा समाख्याता वा पात्रको अन्तर्दृष्टि र संवेदनाजस्ता पक्षहरू आएका हुन्छन् र यसबाट सङ्केन्द्रण प्रविधिको पहिचान गर्न सकिन्छ । संवेदनाअन्तर्गत दृश्य, श्रवण, घ्राण संवेदना आदि आउँछन् । यसले समाख्याता वा पात्रका संवेदनाको क्षेत्र वा तहलाई आधार बनाएको हुन्छ (रिम्मोन–किनन, सन् १९८३, पृ. ७७) । मनोवैज्ञानिक पक्ष संज्ञानात्मक र भावनात्मक गरी दुई प्रकारका हुन्छन् । संज्ञानअन्तर्गत ज्ञान, स्मरण, सिकाइ आदि पर्छन् भने भावनाअन्तर्गत संवेग, अनुभूति आदि पर्छन् । वैचारिक पक्ष संसारलाई हेर्ने दृष्टिकोणमा आधारित छ। यसमा वस्तु वा व्यक्तिको वर्गीकरणलाई हेरिन्छ । पुरुष-महिला, शिक्षित-अशिक्षित, पुरातन-आधुनिक, शोषक-शोषित आदि जस्ता द्विचर विभाजनसम्बन्धी धारणा यसमा पर्छन् । संसारप्रतिको धारणा नै वैचारिक पक्ष हो । वैचारिक पक्ष पाठको मूल्यमान्यतासँग

सन्दर्भित हुन्छ (रिम्मोन–किनन, सन् १९८३, पृ. ८३)। सङ्केन्द्रण चरित्र विशेषको दृष्टिविन्दुको प्रयोग गरी कथाकथन गर्ने प्रविधि हो। दृष्टिविन्दु पात्रका माध्यमबाट अभिव्यक्त हुन्छ। कुन पात्रलाई सर्वाधिक महत्त्व दिई केन्द्रमा राखिएको छ र त्यस पात्रको समाख्यानसँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुरामा दृष्टिविन्दु निर्भर रहन्छ। साथै कुन पात्रलाई कथात्मक अभिव्यक्तिको माध्यम बनाइएको छ भन्ने उत्तर दृष्टिविन्दुसँग रहन्छ। प्रथम या तृतीय पुरुष पात्रहरूमध्ये जुन पात्रलाई केन्द्र बनाइ कथा भनिएको छ र जुन पात्रको मानसिकता, व्यवहार र अनुभूति आदिको उद्घाटन गर्ने जमर्को गरिएको छ त्यसैबाटै दृष्टिविन्दु निर्धारण हुन्छ। समाख्याताले आफ्नै मात्र संज्ञानका आधारमा असीमित रूपमा सूचनाहरूलाई सम्प्रेषण नगरेर सूचनाहरूको विश्वसनीयताका लागि पात्रका दृष्टिविन्दुमार्फत सूचनाहरूलाई सीमित गर्ने अर्थात् पात्रका संज्ञानबाट पनि सूचनाहरूलाई सम्प्रेषण गर्ने कौशलमा सङ्केन्द्रणको मर्म अडेको हुन्छ। आख्यानले दिएको सूचनालाई छनोट गर्ने, सीमित गर्ने, प्रतिरोध गर्ने, सङ्कुचन गर्ने, फैलाउने जस्ता कार्यहरू सङ्केन्द्रणअन्तर्गत पर्दछन्।

## कथनीयता

कथनीयताले कथामा अन्तर्निहित कथनयोग्य गुणलाई बुझाउँछ। समाख्यानमा मानव वा मानव जस्तै अभिवृत्ति एवम् कार्यको व्याख्या हुन्छ र कथनीयता यसमै अन्तर्निहित हुन्छ। कथनीयता पाठमा सारका रूपमा रहेको हुन्छ (ब्रुनर, सन् १९८६, पृ. १०)। कथामा कुनै अभिवृत्ति वा कार्यको उपस्थापन गरिन्छ र त्यसबाट कुनै सार अभिव्यक्त हुन्छ। समाख्यानमा यस्तो सार नै कथनीयताका रूपमा रहन्छ। कथामा विशिष्ट कथनीय गुण हुनुपर्छ। सन्तुष्टिका लागि मान्छेले आफ्नो इच्छालाई स्थगित गर्न सक्ने क्षमता, कथाप्रस्तुतिका तत्त्वहरूलाई संयोजन गर्ने क्षमता र कथा वा कथा अनुक्रमको विन्दुसँग महत्त्वपूर्ण घटनाहरूलाई सम्बद्ध गर्ने क्षमता गरी समाख्यानमा तीनओटा कथनीय क्षमता हुन्छन् (लेच, सन् १९८६, पृ. ३४)। समाख्यानशास्त्रीहरूले कथनीयतालाई कथा भन्न योग्य बनाउने समाख्यानभित्रको मूलभूत तत्त्वका रूपमा हेरेको देखिन्छ। एउटा कथासँग के भयो र यो किन भन्न योग्य छ भन्ने दुईवटा तत्त्व हुन्छन् (ब्रुनर, सन् १९९१, पृ. १२)। यसमा के भयो भन्ने कुराले कथावस्तुलाई सङ्केत गर्छ भने किन भन्न योग्य छ भन्ने कुराले कथनीयतालाई सङ्केत गर्छ। कथनीय हुनका लागि एउटा कथाले परम्परागत साहित्यिक मूल्यको उल्लङ्घन गर्छ भन्ने मान्यता पनि ब्रुनरको रहेको पाइन्छ। प्रासङ्गिक घटना एवम् विमर्शले कथालाई कथनयोग्य बनाउँछ र त्यो पाठकका लागि रुचिपूर्ण हुन्छ। समाख्यानमा कथनीयतालाई कार्य र चेतना गरी दुई आधारबाट पहिचान गर्न सकिन्छ (ब्रुनर, सन् १९९१, पृ. १४)। कार्य परिदृश्यअन्तर्गत कथामा पात्र वा अभिकर्ताका माध्यमबाट कथनीयता सङ्केतित हुन्छ। चेतना परिदृश्यअन्तर्गत कार्यात्मक तहमा रहेका पात्रहरूले के जाने, के विचार गरे वा के अनुभव गरे वा के जानेनन्, के विचार गरेनन् वा के अनुभूत पनि गरेनन् भन्नेमा ध्यान दिइन्छ (ब्रुनर, सन् १९९१, पृ. १४)। यसमा पात्रको अभिवृत्ति वा कार्यबाट नभएर उसको चेतनाको तहबाट कथनीयता सङ्केतित हुन्छ। कथामा पात्रको चेतनाका विशिष्टता र सीमा जस्ता कुरा यसमा आउँछन्। कथाकारले पात्रहरूलाई केकस्तो सम्भावनाको कुन संसारतर्फ डोहोऱ्याएको छ र अनुभवको केकस्तो संसारतर्फ आकर्षण गरेको छ, यसबाट कथनीयता प्रस्टिन्छ।

कथामा समाख्याताको स्थान, समाख्याताको वाच्यता, समाख्याताको घटना वर्णनशैली, सङ्केन्द्रकको स्थान, सङ्केन्द्रित विषय, सङ्केन्द्रित विषयप्रतिको सङ्केन्द्रकको दृष्टिकोण, कथनीयता एवम् कथनीय गुण आदि पक्षद्वारा नै कथा साकार हुन्छ। अतः यही समाख्यान सिद्धान्तका आधारमा यस अध्ययनमा 'पहेँलो गुलाफ' कथाको मूल्याङ्कन गरिएको छ।

## विमर्श र परिणाम

प्रस्तुत अध्ययनमा 'पहेँलो गुलाफ' कथामा पाइने समाख्यानको निरूपण समाख्यान सिद्धान्तका आधारमा गरिएको छ। समाख्यान सिद्धान्तअन्तर्गत यसमा समाख्याताको स्वर, सङ्केन्द्रक, सङ्केन्द्रित विषय, कथनात्मकता एवम् कथनीय गुण आदिको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । समाख्यानका तत्त्वहरूको अन्तर्सम्बन्धबाट निर्मित समाख्यान संरचना र यसबाट अभिव्यक्त कथात्मक सौन्दर्यको मूल्याङ्कनसमेत यसमा गरिएको छ ।

### 'पहेँलो गुलाफ' कथामा समाख्यानात्मक वाच्यत्व

'पहेँलो गुलाफ' कथाको समाख्याता कथाको कार्यात्मक तहमा उपस्थित भएर आफ्नो कथा आफै भन्ने स्वकथनात्मक समाख्याता हो । ऊ भोक्ता वा अनुभवकर्ता 'म' का रूपमा रहेको छ । कार्यात्मक तहमा रहेर भोक्ता 'म' को भूमिकामा देखापरेको यस समाख्याताको अभिवृत्ति, चरित्रनिर्माण, कथाको आख्यानीकरण, व्यक्तित्व, पृष्ठभूमि एवम् विचारधारा जस्ता पक्षबारे सूचना प्राप्त गर्न सकिन्छ । आफैलाई सन्दर्भ बनाएर कथा प्रस्तुत गर्ने यस समाख्याताले आफ्नै चरित्रको मनोविश्लेषणात्मक गहिराईको अन्वेषण गरेर आफ्नो चरित्रलाई मनोविश्लेषणात्मक बनाएको छ । यस कथाको समाख्याताले श्रीमान्‌ले गरेको यौनहिंसा र उसले दिएको सास्तीका घटनालाई आफैसँग सन्दर्भन गरेर आफ्नै मनोजगत्‌प्रति अन्तर्दृष्टि प्रदान गरी मनोविश्लेषणका विविध पक्षको उजागरमार्फत उसले चरित्रलाई आकार प्रदान गरेको देखिन्छ । यस कथामा समाख्याताले खास गरी 'म' पात्रका मनका क्रियाप्रतिक्रिया, आवेगसंवेग, पीडा, निराशा, छटपटी, आक्रामक व्यवहार, असामान्य मनोदशा तथा मृत्युन्मुखी चेतना जस्ता मनोविश्लेषणका विभिन्न पक्षबाट विकसित घटनालाई आख्यानीकरण गरेको छ । यसबाट समाख्याताको अभिवृत्ति स्पष्ट हुने हुनाले यस समाख्याताको वाच्यत्वका सूचकबारे थाहा पाउन सकिन्छ । वाच्यत्वका यिनै पक्षबाट उसको स्वर ठम्याउन सकिन्छ :

> दुई महिनादेखि मैले केही लेख्न सकेकी छैन । डायरीका यी रित्ता पृष्ठहरू जति पल्टाउँछु उति मभित्रको खाली झन् झन् बढ्दै गएजस्तो लाग्छ । ...धेरै भइसक्यो मेरो छातीको एक्सरे गरेको, डाक्टरले भन्थ्यो, मेरो दायाँ फोक्सो ज्यादै खराब भइसकेको छ रे साँच्चै मलाई यस्तै लाग्छ, मेरो फोक्सो अब कुहिएर फतफती झर्न मात्र बाँकी छ । मैले उहाँसित मेरो एक्सरे फोटो हेर्न मागेकी थिएँ, तर उहाँले हुन्छ, हुन्छ भन्दै अझसम्म त्यो मलाई देखाउनुभएको छैन । उहाँ भन्नुहुन्छ, मलाई केही भएको छैन, चाँडै नै निको हुन्छ रे ! छकिने जति म पहिले नै छकिइसकेकी छु नि ! यो थुकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि हुन्... । (शाह, २०७४, पृ. ३)

प्रस्तुत उद्धरणमा एक बिरामी महिलाको दैनिकी विषयका रूपमा आएको छ । यस कथाको समाख्याता एक रोगी विवाहित महिला हो । ऊ लेखक रहेको कुरा पनि थाहा पाइन्छ । ऊ विगत आठ महिनादेखि क्षयरोगले ग्रस्त भएर अस्पताल भर्ना भएकी छ । उसको दायाँ फोक्सो अत्यन्त खराब भइसकेको छ । यसकै कारण उसमा निराशा छाएको छ र ऊ आफूलाई एक्लो अनुभव गरिरहेकी छ । पतिसँगको उसको सम्बन्ध खासै राम्रो देखिँदैन । मायाका नाममा पतिले पीडा दिएको, पतिले आफ्नो छातीको एक्सरे हेर्न नदिएको, पतिले पटकपटक छक्याउन खोजेको तथा पतिले छक्याएर विवाह गरेका कारण आफूले यस्तो नियति भोग्नुपरेको भन्ने यस समाख्याताको बुझाइ रहेको छ । ऊ निराशावादी भएको कुरा पनि यसबाट थाहा पाउन सकिन्छ । यस कथांशमा समाख्याताको व्यक्तित्व, पृष्ठभूमि र स्थितिसम्बन्धी सूचना आएका छन् । यी वाच्यत्वका पक्ष हुन् । यसबाट यस समाख्याताको मूलस्वर विसङ्गत यौनमनोविश्लेषण रहेको स्पष्ट हुन्छ ।

विश्लेष्य कथामा समाख्याताबारे थप सूचना प्राप्त गर्न सकिन्छ :

> म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । म पनि बिरालो हुन्छु, खस्रो काँढा उम्रेको जिब्रोले चाट्छु, उहाँको कमलो आङभरि । ...उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै प्वाल, सिङ्गै आकाश अटाउन सक्ने प्वाल, हाम्रो फोक्साको प्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौँ । अनि तिनीहरूमाथि दुई वटा कत्ला परेको साह्रा फोसिलहरू समयलाई गुमाइसकेका हुनेछन् ...। (पृ. ११)

यस कथाको समाख्याता पतिको व्यवहारबाट आजित भएको देखिन्छ । रोगी हुँदा पनि मायाको बहानामा आफूप्रति यौनासक्त भएकामा पतिप्रति क्रुद्ध बनेको स्थिति देखिन्छ । उसमा बदलाको भावना पनि तीव्र रूपमा बढ्दै गएको छ । यसको परिणामस्वरूप ऊ पनि पतिलाई मायाको नाममा बिरालाले चाटे जसरी नै चाट्न, आङभरि टोकेर रोग सार्न र पीडा दिन चाहन्छे । आफ्नै जस्तो पतिको फोक्सामा प्वाल पार्ने र अन्त्यमा बरु सँगै मर्ने उसको इच्छा छ । प्रस्तुत उद्धरणमा आएको समाख्याताको उपर्युक्त अभिव्यक्ति कथाको सन्देश वा उद्देश्यप्रतिको टिप्पणीका रूपमा आएको छ । यस कथामा यौनजीवनको विसङ्गत अवस्थाको चित्रण गर्दै विसङ्गतिवादी शून्यवादी दृष्टिकोण सन्देशका रूपमा अभिव्यक्त भएको छ । यसमा पहेँलो गुलाफलाई रुग्ण महिला र झुसिल किरालाई यौनासक्त हिंस्रक पुरुषको प्रतीकका रूपमा हेर्दै मानिसको विसङ्गत जीवनको चित्रण गरिएको छ । यसबाट यो समाख्याता निराशावादी एवम् शून्यवादी विचार बोकेको व्यक्ति भएको स्पष्ट हुन्छ ।

विषयक्षेत्रको निर्धारण र पात्रचयनका दृष्टिले हेर्दा पनि यस कथाको समाख्याताबारे सूचना प्राप्त गर्न सकिन्छ । यस समाख्याताले विसङ्गत एवम् निराश जीवनको चित्रणलाई विषय बनाएको छ । उसले यस विषयक्षेत्रलाई अनुकूल हुने गरी पात्रचयन गर्ने क्रममा आफैलाई सन्दर्भ बनाएको छ । उसले आफ्नै विसङ्गत जीवनको अभिव्यक्ति गरेको छ । यसबाट प्रस्तुत कथाको समाख्याता जीवनको विसङ्गत पक्षलाई बुझ्ने र त्यसलाई कथाको विषय बनाउन चाहने खालको भएको स्पष्ट हुन्छ ।

विश्लेष्य कथामा समाख्याताको उपस्थिति प्रत्यक्षतः देख्न सकिन्छ । समाख्याता आफै भोक्ता 'म' भएका कारण उसबारेका सूचना प्रशस्त मात्रामा पाउन सकिन्छ । उसको स्वर नजिकैको जस्तो सुनिन्छ । पाठकश्रोताले समाख्याताको व्यक्तित्वको प्रतिबिम्ब क्यामराले झैँ मानसपटलमा कैद गर्न सक्छ । उसको दिमागको कानले समाख्याताको आवाज पहिचान गर्न सक्छ । समाख्यानात्मक प्रकार्य सम्पन्न गर्दा श्रोताप्रति ऊ सचेत छ । उसले आफ्ना अगाडि श्रोता छ भन्ने ठानेर उसलाई घटना, स्थिति, पात्रका कार्य आदिका बारेमा टिप्पणी एवम् मूल्याङ्कन गर्दै पाठकश्रोताको ध्यान खिच्ने अधिकतम प्रयास गरेको छ । समाख्यानमा समाख्याताले नै घटना प्रस्तुत गर्छ, पात्रका कार्यव्यापारको टिप्पणी गर्छ । श्रोता वा पाठकसमक्ष विचार, भाव वा सन्देश सम्प्रेषण गरी सम्पर्क स्थापित गर्ने कार्य पनि समाख्याताबाट नै सम्पन्न हुने हुँदा समाख्यानको समाख्यातालाई नै वाच्यत्वको आधार मान्ने गरिन्छ भन्ने मान्यता पाइन्छ । उपर्युक्त आधारबाट हेर्दा यस कथाको समाख्याताले ती कार्यहरू कुशलतापूर्वक सम्पन्न गरेको देखिन्छ । अतः यस समाख्याताको स्वर तीक्ष्ण छ । यस समाख्यातले पाठकलाई आफू र कथाप्रति आकर्षण गर्न सकेका कारण पाठ र पाठकका बीचको सम्बन्ध नजिकको हुन पुगेको छ । समाख्यानात्मक स्वरको स्थिरता, निरन्तरता, विश्वसनीयता जस्ता गुणले गर्दा कथाप्रति पाठकीय आकर्षण बढ्न पुगेको छ भने कथाको संरचनामा पनि यसले सकारात्मक प्रभाव पारेको छ । यसले कथाको कला पक्षको अभिवृद्धिसमेत भएको छ ।

## 'पहेँलो गुलाफ' कथामा समाख्यानात्मक सङ्केन्द्रण

'पहेँलो गुलाफ' कथामा मुख्य पात्रसमेत रहेको स्वकथनात्मक समाख्याताले समाख्यानात्मक सूचनालाई आफ्नै दृष्टिविन्दुमा सीमित पारी अभिमुख गरेको छ । आफैलाई सन्दर्भ बनाई घटनाको प्रस्तुति गरेका कारण ऊ भोक्ता 'म' हो र सङ्केन्द्रक पनि हो । उसले समाख्यानात्मक सूचनालाई आफ्नै दृष्टिविन्दुबाट अर्थात् आफैले चाल पाएका आधारमा विश्वसनीय ढङ्गले प्रस्तुत गरेको छ । यसको पुष्टिका निम्ति तलको दृष्टान्त उपयुक्त देखिन्छ :

> हिजो उहाँले सताउनुसम्म सताउनुभयो मलाई । चीलले मुसालाई झुन्ड्याएझैं झुन्ड्याएर मलाई माथि-माथि आकाश सबै घुमाउनुभयो । कहिल्यै नसकिने आकाश रहेछ । यहाँबाट कति तल देखिन्छ, तर जति गयो उति माथि कहाली लाग्ने पो रहेछ । अहिले भर्खर फेरि डाक्टर मलाई इन्जेक्सन दिन आयो ...। डाक्टरले केही भनेन, चुपचाप त्यही निलो फिलामा इन्जेक्सन दियो र कस्तो कस्तो आँखाले मलाई हेरेर गयो । (पृ. ९)

उपर्युक्त उद्धरणमा पात्रका रूपमा रहेको स्वकथनात्मक समाख्याता म सङ्केन्द्रक रहेको छ भने सङ्केन्द्रित विषयचाहिँ क्षयरोगले ग्रस्त हुँदा पनि लोग्नेद्वारा सताइएकी एक महिलाको मनोदशाको अभिव्यक्ति रहेको छ । यसमा मुख्य रूपमा आफ्नो लोग्नेको यौनदुर्व्यवहार एवम् मानसिक हिंसा भोगिरहेकी रुग्ण महिला सपनामा समेत त्यही कुरा देखेर त्रस्त भएको घटना आएको छ । यसमा हिजो उहाँ अर्थात् लोग्नेले सङ्केन्द्रक 'म' लाई सताउनसम्म सताएको, चिलले मुसो झुन्ड्याएझैँ माथिमाथि आकाशमा सबै घुमाएको, 'म' पात्रले कहिल्यै नसकिने आकाश रहेछ भनेर अनुभव गरेको, माथि कहालीलाग्दो रहेछ भनेर थाहा पाएको जस्ता सपनामा देखेका समाख्यानात्मक सूचना सङ्केन्द्रक 'म' पात्रकै अनुभूतिका रूपमा आएका छन् । उसले नै चाल पाएका आधारमा आएका छन् । यस्तै डाक्टर इन्जेक्सन लगाउन आएको, इन्जेक्सनका लागि दुवै पाखुरा छियाछिया भएकाले फिला खोलिदिएको, फिलालाई डाक्टरले हेरिरहेको तथा त्यहाँ चिमटेका र बोक्सीले चुसेजस्ता निकै निलानिला डाम रहेका तथा 'म' पात्रले डाक्टरलाई सपनाको कुरा भनेको जस्ता समाख्यानात्मक सूचना 'म' पात्रकै संज्ञानका आधारमा अभिमुखीकरण भएका छन् । यसमा पात्रका रूपमा कथाभित्रै रहेको समाख्याताले समाख्यानात्मक सूचनालाई आफ्नै दृष्टिविन्दुमा सीमित पारी विश्वसनीय ढङ्गले सम्प्रेषण गरेको छ ।

सङ्केन्द्रण समाख्यानात्मक सूचनाको चयन र प्रतिबन्धसँग पनि सम्बद्ध हुन्छ । समाख्यानमा कुन पात्रलाई केन्द्रमा राखी सूचनाको छनोट गरिएको छ र कुनकुन पात्रहरूका चरित्रचित्रणलाई सीमित तुल्याइएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यस दृष्टिले हेर्दा प्रस्तुत कथामा सङ्केन्द्रक तथा समाख्याता 'म' पात्रलाई केन्द्रमा राखी उसकै दृष्टिविन्दुबाट घटना प्रस्तुत गरिएको छ । उससँग सम्बद्ध घटनालाई सङ्केन्द्रित विषय बनाइएको छ । यस क्रममा अन्य पात्रको भूमिकालाई खुम्च्याइएको छ । यस कथामा 'म' पात्रबाहेक अन्य पात्रमा उसको लोग्नेको मात्र उपस्थिति रहेको छ । यसमा उसको भूमिकालाई परोक्ष बनाई समाख्याताकै चेतनाबाट प्रस्तुत गरिएको छ ।

सङ्केन्द्रीकरणको आयामका दृष्टिले हेर्दा यस कथामा अन्तर्दृष्टिक तथा मनोवैज्ञानिक दुवै आयामबाट सूचना सङ्केन्द्रित छन् । यसमा पात्र सङ्केन्द्रकले सपनामा देखेका कुरालाई अभिव्यक्त गर्ने क्रममा मनोवैज्ञानिक आयामअन्तर्गत संज्ञान एवम् स्मरणको उपयोग गरिएको छ । यसमा सङ्केन्द्रकले सपनामा देखेका कुरालाई आफ्नै ज्ञान एवम् स्मरणका आधारमा प्रस्तुत गरिएको छ । यस्तै सङ्केन्द्रक 'म' ले डाक्टर आएको देखेको, डाक्टरले फिलालाई हेरिरहेको देखेको तथा आफैले आफ्ना फिलामा निलानिला डामहरू देखेको जस्ता घटनाहरू अन्तर्दृष्टिक पक्षअन्तर्गत संज्ञानको दृश्यात्मक आयामबाट आएका छन् । यस प्रकार प्रस्तुत कथामा पात्र सङ्केन्द्रकमार्फत समाख्यानात्मक सूचनालाई अभिमुखीकरण

गरिएका कारण आन्तरिक सङ्केन्द्रण विधिको प्रयोग भएको छ । यसमा समाख्यानात्मक सूचनालाई व्यवस्थित ढङ्गले अभिव्यक्त गर्न पात्रको दृष्टिविन्दुलाई सीमित पार्ने क्रममा सङ्केन्द्रकको आफ्नै दृष्टिविन्दुलाई सीमित पारी सूचनालाई विश्वसनीय ढङ्गले प्रस्तुत गरिएको छ । मनको गहिराइमा पुगेर घटनासम्बन्धी सूचनालाई अभिव्यक्त गरिएका कारण दृष्टिविन्दुको प्रखर एवम् तीक्ष्णता प्रस्ट भएको छ । यस कथामा परिदृश्यात्मक विधिबाट कथाकथन गरिएको छ । वर्णन, प्रत्यक्ष तथा अप्रत्यक्ष कथन, कार्यको संसूचन र टिप्पणी आदिका माध्यमबाट सूचनालाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । पृष्ठभूमि तयार पारेर घटनालाई विस्तारपूर्वक प्रस्तुत गर्ने उद्देश्य यस समाख्याताको रहेको देखिन्छ त्यसकारण यस कथामा घटना वर्णनको गति भने सुस्त रहेको छ । अन्य प्रथम पुरुष कथामा जस्तै यस कथाको समाख्यातामा पनि ज्ञानको सीमा छ । उसले एकै पटक आफ्नो, आफ्नो लोग्ने र अन्य पात्रको अवस्थाको वर्णन गर्न सकेको देखिँदैन । उसलाई अन्य पात्रहरूले के सोचेका होलान् भन्ने कुरा पनि थाहा छैन । यस समाख्यातालाई आफ्नै भविष्यका बारेमा पनि थाहा छैन । चरम विसङ्गत अवस्थामा पुगेर आफ्नै मृत्युको कामना गरे पनि आफ्नै मृत्युको वर्णन गर्न सक्ने सामर्थ्य उसमा छैन । यति हुँदाहुँदै पनि यस कथामा दृष्टिविन्दु पात्रप्रति पाठकको सहानुभूति उत्पन्न हुन्छ । दैनिकी शैलीमा लेखिएको हुनाले यसमा संवाद नभए पनि स्वगत कथन ज्यादा भएका कारण समाख्यानात्मक दुरी पनि कम छ । अतः यस कथामा समाख्यानात्मक सङ्केन्द्रणको अर्थपूर्ण एवम् कलात्मक प्रयोग भने भएको देखिन्छ ।

प्रस्तुत कथामा मुख्य पात्रसमेत रहेको स्वकथनात्मक समाख्याता 'म' ले आफ्नै दृष्टिविन्दुमा सीमित पारी सूचनालाई अभिमुख गरेको छ त्यसैले ऊ सङ्केन्द्रक हो । उसले आफैलाई सन्दर्भन गरेर घटना प्रस्तुत गरेका कारण यस कथामा उसकै मनोदशा वा मनस्थितिलाई सङ्केन्द्रित विषय बनाइएको छ । यसमा मुख्य गरी क्षयरोगले ग्रस्त हुँदा पनि लोग्नेद्वारा सताइएकी 'म' पात्रको अनुभव, मानसिक क्षोभ एवम् जीवनप्रतिको निराशा तथा विसङ्गतिबोध सङ्केन्द्रित छ । विगत आठ महिनादेखिको अस्पतालको बसाइ, दायाँ फोक्सामा देखिएको गम्भीर खराबी एवम् रोगले गलाएको शरीरका कारण ऊ अत्यन्त शिथिल भएकी छ । यस्तो कष्टकर अवस्थामा पनि पतिले यौनासक्ति राख्दै उसलाई सताएको कुरा यसमा आएको छ । मायाका नाममा पतिले पीडा दिनुका साथै पटकपटक छल गरेका कारण 'म' पात्रको मनस्थितिमा गम्भीर असर परेको छ । यसबाट उसमा मानसिक संवेग, क्षोभ, ग्लानि आदिको विकास हुन पुगी ऊ असामान्य अवस्थामा पुगेको देखिन्छ । उसमा जीवनप्रतिको निराशा तथा विसङ्गतिबोध पनि उत्तिकै रहेको कुराको चित्रण यस कथामा भएको छ :

> मलाई कत्रो भयङ्कर सरुवा रोगले च्यापेको छ, यो उहाँलाई थाहा छैन र ? तैपनि उहाँ डराउनुहुन्न, घिनाउनुहुन्न । झन् एकै पलङमा मसित च्यापिएर बस्नुहुन्छ । मलाई उहाँको ज्यादै पीर लाग्छ, कतिचोटि उहाँलाई मैले आफ्नो नजिकबाट हटाइसकेँ, उहाँ मान्नुहुन्न, म के गरुँ ! हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, सम्झँदैमा मेरो मुटु अझै थरथर काम्छ । (पृ. ४)

माथिको उद्धरणमा क्षयरोगले ग्रस्त 'म' पात्रको जीवन भोगाइ, अनुभव एवम् असामान्य मनस्थिति चित्रित छ । 'म' पात्र अस्पतालको शैयामा छटपटाइरहेकी क्षयरोगले ग्रस्त एक विवाहित महिला हो । उसले दैनिकी शैलीबाट दैनन्दिनका घटना, आफ्ना भोगाइ एवम् अनुभवलाई अस्पतालको शैयाबाट प्रस्तुत गरेको देखिन्छ । 'म' पात्रलाई भयङ्कर रोग लागेको थाहा हँदाहुँदै पनि उसको पति नडराई र नघिनाईकन यौनासक्ति राख्दै सधैँ उसैसँग लिप्सिन आउने गरेको, झन् एकै पलङमा उसैसित च्यापिएर बस्ने गरेको तथा आफ्नो नजिकबाट हटाउँदा पनि नमानेको घटना यसमा आएको छ । अघिल्लो दिन मात्र पनि पतिले नराम्रो काम गरेर उसलाई दुःख दिएको घटना यसमा सङ्केन्द्रित छ ।

प्रस्तुत कथामा 'म' पात्र रोगले झन्झन् शिथिल हुँदै गए पनि पतिले भने सताउन नछोडेको कुरा आएको छ । प्रतीकात्मक रूपमा पतिलाई झुसिल्किरा र 'म' पात्रलाई फूलका रूपमा हेर्दै यसमा झुसिल्किराले फूलमा टाँस्सिएर फूल खाई त्यसलाई उजाड बनाए जस्तै पतिले 'म' पात्रसँग टाँस्सिर उसलाई हैरान बनाएको प्रसङ्ग चित्रित छ । यस्तै यस कथामा पतिको हिंस्रक एवम् निर्दयी व्यवहार र आफ्नै दीर्घ रोगका कारण आजित बनेकी 'म' पात्र निराश देखिन्छे । उसले अनुभव गरेको शून्यता एवम् विसङ्गतबोधको प्रसङ्गसँगै उसमा परपीडन प्रवृत्ति र मृत्युन्मुखी प्रवृत्ति बढ्दै गएको घटना यसमा चित्रित छ :

> आज त म उहाँलाई छोड्दै छोड्दिनँ, छोड्दै, छोड्दिनँ । उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जस्तै झ्याङप्वाल, सिङ्गै आकाश अटाउन सक्ने झ्याङप्वाल, हाम्रो फोक्साको झ्याङप्वाल बढ्दै एक ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौँ । अनि तिनीहरूमाथि दुईवटा कत्ला परेको साह्रा फोसिलहरू समयलाई गुमाइसकेका हुनेछन् ... । (पृ. ११)

यस उद्धरणमा 'म' पात्रको आवेगपूर्ण मनोदशा एवम् परपीडन तथा मृत्युन्मुखी प्रवृत्तिको चित्रण गरिएको छ । यसमा पतिको व्यवहारबाट आजित बनेकी 'म' पात्र आक्रोशित भएकी छ । उसले पतिलाई पनि आफ्नै जस्तो हालत बनाउन चाहेको कुरा यसमा आएको छ । उसले पतिलाई टोक्न र चिथोर्न चाहेको, यस्तै पतिको फोक्सोमा पनि आफ्नै फोक्सामा जस्तै सिङ्गै आकाश अटाउन सक्ने झ्याङप्वाल बनाउन चाहेको र दुवैको मृत्युपछि शून्यमा बिलाउन चाहेको 'म' पात्रको मनस्थिति चित्रित छ ।

## 'पहेँलो गुलाफ' कथामा कथनीयता

'पहेँलो गुलाफ' कथामा यौनजीवनभित्र विसङ्गति छ र मानिस विसङ्गतिको भासमा परे पनि अस्तित्वबोध एवम् शून्यबोध गर्दै बाँच्न बाध्य हुन्छ भन्ने कुरा कथनीय तत्त्व वा सारका रूपमा अभिव्यक्त छ । विवाहेतर मात्र नभएर वैवाहिक सम्बन्धभित्रको यौनजीवन पनि विसङ्गत हुन्छ र यसको कहालीलाग्दो विद्रुप अवस्थाबाट सधैँका लागि पार पाउने प्रयासमा उसको मनोविज्ञानमा मृत्युन्मुखी चेतनाको विकास हुनपुग्छ भन्ने कुरालाई पनि यस कथामा गहन ढङ्गले प्रस्तुत गरिएको छ । यस कथामा मुख्य पात्रसमेत रहेकी स्वकथनात्मक समाख्याता 'म' को अनुभवमार्फत कथनीयता अभिव्यक्त भएको छ। प्रस्तुत कथामा चेतना आधारभित्तिअन्तर्गत कथाको कार्यात्मक तहमा रहेको 'म' पात्रका अनुभव, सोचाइ एवम् उसको चेतनाको तहको विस्तृत आयाममा ध्यान दिइएको छ। यसमा 'म' पात्रका चेतनाका विशिष्टता र सीमा जस्ता पक्षलाई नियालिएको छ र यसबाट कथनीयता पहिचान गर्न सकिन्छ।

प्रस्तुत कथाकी 'म' पात्र क्षयरोगले सिकिस्त बिरामी भएर लामो समयदेखि अस्पतालमा उपचार गराइरहेकी एक अधबैँसे महिला हो । क्षयरोगले ग्रस्त हुँदा पनि लोग्नेको यौनहिंसाको सिकार बनेकी 'म' पात्रको अनुभव यस कथामा चित्रित छ र यसबाटै कथनीयता पहिचान हुन्छ : "उहाँ मलाई चाट्नुहुन्छ बिरालोले बच्चालाई चाटे जत्तिकै, तर उहाँलाई पत्तै हुँदैन । उहाँ भित्रको सशक्त पुरुष ढाडे बिरालो जत्तिकै निर्दयी भएर मलाई लछार्छ, पछार्छ, भुत्ल्याउँछ । हाम्रो विवाहको चार वर्षदेखि एक सरह एकनासले विभिन्न तरिकामा उहाँले मलाई माया गर्दै आउनुभएको छ" (पृ. ६) । यस उद्धरणमा मायाका नाममा लोग्नेले 'म' पात्रमाथि गरेको अत्याचार चित्रित छ । यो कुरा चेतना आधारभित्तिबाट आएको छ । यो उसको अनुभव हो र चेतनाको विशिष्टता पनि हो । आफ्नो लोग्नेले बाहिरबाहिर माया गरे जस्तो गरेर बिरालोले बच्चालाई चाटे जत्तिकै गरेको कुरा 'म' पात्रलाई मन परेको छैन । यसबाट उसले पीडा अनुभव गरेकी छ ।

उसले लोग्नेभित्रको सशक्त पुरुष अर्थात् हिंस्रक पुरुषत्वले ढाडे बिरालो जत्तिकै निर्दयी भएर आफूलाई लछार्ने, पछार्ने र भुत्ल्याउने गरेको कुरा बताएकी छ। विवाहको चार वर्षदेखि एकनासले विभिन्न तरिकाले लोग्नेले मायाका नाममा आफूलाई दुःख दिने गरेको अनुभव उसको रहेको छ। यसबाट उसको मनोविज्ञानमा गम्भीर असर परेको र उसमा जीवनप्रतिको निराशा तथा विसङ्गति बोध हुन थालेको कुरा पनि बुझ्न सकिन्छ।

प्रस्तुत कथामा 'म' पात्रमाथि आफ्नो लोग्नेको यौन तथा हिंसाजन्य गतिविधि बढ्दै जाँदा उसमा पनि एक प्रकारको निराशा बढ्दै गएको कुरा आएको छ। बढ्दो निराशा एवम् विसङ्गतिबोधको परिणामस्वरूप उसमा मृत्युन्मुखी चेतना सल्बलाउन थालेको कुरा यस कथामा प्रस्तुत छ :

> टी.बी भएको सुनेर मलाई दुःख लागेन बरु खुसी लाग्यो। मैले सोचेकी थिएँ कमसेकम यो यातनाबाट छुटकारा त पाइयो। ....कस्तो घिनलाग्दो जीवन ! कहिले त लाग्छ त्यो प्वाइजन लेखेको सिसी स्वात्तै घाँटीभित्र खन्याइदिऊँ, तर नाइँ, म त्यसो गर्न पनि सक्दिनँ। यो तातो भतभती पोल्ने नर्कमा अझै कति यसै गरी जीवनलाई घिच्याइरहनुपर्ने हो। भन्छन्, टी.बी.ले खाएकाहरू झन् धेरै बाँच्छन् रे ! (पृ. ७-८)

यस उद्धरणमा 'म' पात्रको निराशावादी एवम् मृत्युन्मुखी चेतना अभिव्यक्त भएको छ। शारीरिक, मानसिक एवम् यौनहिंसाका कारण कष्टकर जीवन भोगिरहेकी उसमा यति धेरै निराशा छाएको छ कि उसले बाँच्नमा भन्दा मर्नमा आनन्द देख्न थालेकी छ। उसमा मृत्युन्मुखी प्रवृत्ति हावी भएको छ। उसमा मर्ने इच्छा तीव्र बन्दै गएको छ। आफूलाई टी. बी. रोग लागेको कुरा थाहा पाउँदा दुःखी हुनुको साटो ऊ खुसी भएको कुरा यसमा आएको छ। यस्तो अवस्थामा अब त लोग्नेको यातना सहनु पर्दैन भनेर ऊ ढुक्क हुन पुगेकी छे तर यसका विपरीत लोग्नेबाट उही किसिमको व्यवहार भएपछि आफ्नो जीवनलाई घिन लाग्दो भन्दै नर्कसँग दाँज्न पुगेकी छ। एक मनले ऊ विष खाएर जीवनलाई सिध्याइदिन चाहन्छे तर उसभित्रको अस्तित्ववादी चेतना जागृत हुँदा जसरी पनि जीवनलाई धान्नै पर्ने निष्कर्षमा ऊ पुगेको कुरा यसमा आएको छ।

विश्लेष्य कथामा 'म' पात्रको विसङ्गतिबोध एवम् अस्तित्ववादी चेतनासँगै शून्यवादी चेतनाको अभिव्यक्ति पनि भएको छ। लोग्नेका क्रियाकलापबाट आजित भएकी उसले लोग्नेलाई आफ्नो रोग सारेर आफू जस्तै कष्टकर जीवन भोग्न बाध्य बनाउन चाहेकी छ। यसमा प्रतीकात्मक रूपमा पहेँलो गुलाफ र लाभ्रे अर्थात् झुसिल्किराको प्रसङ्ग पनि आएको छ। यसमा रोगी 'म' पात्र पहेँलो गुलाफको प्रतीकका रूपमा छे भने उसको लोग्ने पहेँलो गुलाफ खाने लाभ्रे अर्थात् झुसिल्किराको प्रतीकका रूपमा रहेको छ। यसमा लाभ्रेले पहेँलो गुलाफ खाएर ठुटो बनाए जस्तै 'म' पात्रको लोग्नेले उसलाई गिजोलेर रोगी बनाई मर्नु न बाँच्नुको स्थितिमा पुऱ्याएको बुझाइ 'म' पात्रको रहेको छ। यति मात्र नभएर ऊ र लोग्ने दुवैको एकै पटकको मृत्यु चाहँदै दुवै शून्यमा विलीन हुने इच्छा उसको छ। जीवनबाट निराश भएकी उसले यहाँ आएर शून्यबोध पनि गर्न पुगेकी छ। प्रस्तुत कथामा 'म' पात्रको रुग्ण अवस्था, विक्षिप्त मनोदशा एवम् विसङ्गत जीवनभोगाइ चित्रित छ। जीवनका विसङ्गतिहरूको उद्घाटन गर्दै यस कथामा अस्तित्ववादी चेतना र शून्यबोधको अवस्थाको अभिव्यक्ति भएको छ। यस कथामा यस्तो अभिव्यक्ति 'म' पात्रको मनोविज्ञानका तहबाट भएको छ। अतः व्यक्तिले अनुभव गर्ने तथा भोग्ने विसङ्गत यौनपक्ष, विसङ्गतिपछिको अस्तित्वबोध एवम् शून्यबोध यस कथाको कथनीय तत्त्व हो।

प्रस्तुत कथामा यौनजीवनभित्रका विसङ्गत पक्षलाई सारकथनका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा यौनजीवनभित्र विसङ्गति छ र यस्तो अवस्थामा पनि अस्तित्वबोध एवम् शून्यबोध गर्दै मानिस बाँच्न बाध्य छ भन्ने कुरा कथनीय तत्त्व वा सारका रूपमा आएको छ। यसमा विसङ्गत यौनमनोविज्ञानसँग सम्बन्धित सङ्केन्द्रित विषयभित्र सारकथनलाई नाटकीकरण गरिएको छ । यौनमनोविश्लेषण र विसङ्गतिबोध एवम् अस्तित्ववादी चेतनाको समन्वय गरी कथनीय सार प्रस्तुत गरिएकाले यसमा नयाँपन देखिन्छ। प्रासङ्गिकता, परम्परागत साहित्यिक मूल्य वा स्थापित मापदण्डहरूको उल्लङ्घन जस्ता उल्लेख्य गुण पनि यसमा पाइन्छन् किनभने यस कथामा देखाइएको घटना प्रासङ्गिक छ तर यस्ता घटनालाई सामान्यतः चित्रण गरिने परम्परा रहेको पाइँदैन । यस कथाले भने परम्पराका विरुद्ध आफूलाई उभ्याएको छ। अनौठा र नयाँनयाँ घटनाप्रति पाठकको रुचि बढी हुन्छ। कथामा पाठकलाई आकर्षण गर्ने रुचिकर बिन्दु रहेको हुन्छ र त्यो शिक्षाप्रद पनि हुन्छ। यस कथामा यस्तै शिक्षाप्रद रुचिकर बिन्दु रहेको छ। प्रस्तुत कथामा आएको यौनजीवनभित्रको विसङ्गतिसँग सम्बन्धित कथनीयता यस्तै रुचिकर बिन्दु वा शिक्षाका रूपमा रहेको छ। यो लेखक तथा पाठकको उच्च तहको आनुभविकता, विशिष्ट अनुभव तथा लेखकको सिर्जनात्मक प्रेरणासँग सम्बन्धित छ र यसले समाज तथा व्यक्तिका लागि सकारात्मक सन्देश पनि दिएको छ।

## निष्कर्ष

'पहेँलो गुलाफ' कथामा समाख्याताको उपयुक्त कथावर्णन शैली, सम्बोधित वा श्रोतालाई पाठमा सहभागी गराउन तथा जिज्ञासु बनाउन सक्ने सामर्थ्य एवम् कथाका पात्रलाई जीवन्तता प्रदान गरी मानवीय भावनालाई प्रतिध्वनित गर्न सकेका कारण यो कथा सम्प्रेषणीय बनेको छ । यस कथामा समाख्याताको प्रकार्यपरक भूमिकाको सबलता र स्वरको उच्चताका कारण कथाको संरचना निर्माणमा वाच्यत्वको भूमिका महत्त्वपूर्ण रहेको छ । आख्यानले दिएको सूचनालाई छनोट गर्ने, सीमित गर्ने, प्रतिरोध गर्ने, सङ्कुचन गर्ने, फैलाउने जस्ता कार्यहरू यस कथामा उपयुक्त ढङ्गले सम्पन्न गरिएकाले सङ्केन्द्रणको सुन्दर प्रयोग भएको छ। यस कथामा सङ्केन्द्रणका आयामअन्तर्गत मुख्यतः मनोवैज्ञानिक पक्षबाट समाख्यानात्मक सूचनालाई अभिमुख गरिएको छ। प्रस्तुत कथामा समाख्यानात्मक सूचनालाई पात्रको दृष्टिविन्दुमार्फत सम्प्रेषण गर्ने सङ्केन्द्रण प्रविधिको यथोचित प्रयोग भएका कारण यसले कथाको संरचनामा सकारात्मक प्रभाव पारेको छ। व्यक्ति मनलाई आख्यानीकरण गरी पात्रका मनोलोकीय गतिविधि वा मनस्थितिलाई सङ्केन्द्रित विषय बनाइएकाले यस कथाको स्वरूप व्यक्तिकेन्द्रित तथा अन्तःकेन्द्री र संरचना चरित्रप्रधान बन्नपुगेको छ। यस कथामा चेतना परिदृश्यअन्तर्गत कथाको कार्यात्मक तहमा रहेको पात्रका मनका अभिव्यक्ति, सोचाइ, दृष्टिकोण, चिन्तन, अनुभव, विचार जस्ता पक्षबाट कथनीयता अभिव्यक्त भएको छ । कथनीयताको अभिव्यक्तिका लागि यस कथामा पात्रको चेतनाका तहको विस्तृत अन्वेषण भएको छ। कार्य परिदृश्यअन्तर्गत यस कथामा पात्रका क्रियाकलाप, कार्यव्यापार, उनीहरूको अभिवृत्ति तथा उनीहरूको काम गराइको लक्ष्य आदिबाट कथनीयता अभिव्यक्त भएको छ । प्रस्तुत कथामा समाख्याताको विश्वसनीयता, स्वरको उच्चता एवम् दृष्टिविन्दुको तीक्ष्णता पाइनुका साथै कथनीयता तथा सम्प्रेषणीयताको गुण उल्लेख्य रूपमा पाइने हुनाले समाख्यान संरचना सघन हुन पुगेको र यसको परिणामस्वरूप यो कथा कलात्मक बनेको छ।

## सन्दर्भ सामग्रीसूची

गौतम, देवीप्रसाद (२०६९). 'समाख्यानात्मक वाच्यत्व'. *प्राज्ञिक संसार.* १/६, चैत्र, पृ. १–८ ।

शाह, प्रेमा (२०७४). *पहेँलो गुलाफ* (दोस्रो संस्क.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

Bal, M. (1983). The Narrating and the Focalizing : A Theory of the Agents in Narrative. *Style 17*(2), 234-269.

Bal, M. (1985). *Narratology : Introduction to the Theory of Narrative,* Trans. Christine van Boheemen. Toronto : University of Toronto Press.

Baroni, R. (2007). *La Tension narrative. Suspense, curiosite et surprise*. Paris : Seuil.

Baroni R. (2014). Tellibility. In, Huhn. Peter et al.(eds). *the living handbook of narratology.*Hamburg : Hamburg University. URL http://www.lhn.uni-hamburg.de/article/tellability

Bruner, J. (1986). *Actual Minds, Possible Worlds*. Cambridge : Harvard University press.

Bruner, J. (1991). *Acutal Minds, Possible Words* (2nd ed.) Cambridge: Harvard University Press.

Fludernik, M. (2009). *An Introduction to Narratology*. New York : Routledge.

Genette, G. (1980 [1972]). *Narrative Discourse.*(J. E. Lewin Trans). Oxford : Blackwell.

Genette, G. (1988 [1983]). *Narrative Discourse Revisited*. (J. E. Lewin Trans). Ithaca : Cornell UP.

Jahn, M. (2017). Narratology : A guide to the Theory of Narrative, English Department, Univercity of cologne. http://WWW.uni-koeln.de/~ameo/pppn.htm.

Labov, W. (1972). *Language in the Inner City : Studies in the Black English Vernacualar*. Philadelphia : University of Pennsylvania Press.

Lanser, S. S. (1981). *The Narrative Act : Point of View in Prose Fiction*. Princeton : Princeton University Press.

Leitch, M. T. (1986). *What Stories are : Narrative Theory and Interpretation.* Pennsylvania State : University Press.

Rimmon-Kehan, S. (1983). *Narrative Fiction: Contemporary Poetics*. London: Routledge.

Ryan, M. (1986). Embedded Narratives and Tellability. *Style,20*(3), 319-340. Retrieved May 10, 2020, from www.jstor.org/stable/42945611

Ryan, M. (1991). *Possible Worlds, Artificial Intelligence, and Narrative Theory*. Bloomington and Indianapolis : Indiana University Press.

Ryan, M. (2005). Tellability. D. Herman et al. (eds.). *Routledge Encyclopedia of Narrative Theory.* London : Routledge, 589–91.